# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।१५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी रामजी जोशी रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी रामजी जोशी रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

<u>**देहायः**</u>

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १. | **प्र. रामजी जोशी** (वि.अ. को मु.नं. ०७९-CR-०००४), वि.अ. को फैसला मिति २०८०।०६।२५) | **सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरी भ्रष्टाचार गरेको।** | प्रतिवादी रामजी जोशीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा हानी नोक्सानी गरेको विगो रु. ४,४७,५००।– (चार लाख सतचालिस हजार पाँच सय मात्र) कायम गरी निजलाई सोहि ऐनको दफा १७ वमोजिम ऐ ऐनको ३ को उपदफा (१) वमोजिम जरिवाना र ऐ ऐनको दफा ३(१) (घ) बमोजिम कैद सजाय हुन मागदावी लिइएको। | **फैसलाः**<br>प्रतिवादी रामजी जोशीलाई आरोपित कसुरबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/०६/२५ मा फैसला भएको।<br>**विशेष अदालत काठमाडौंले प्रतिवादी रामजी जोशीलाई सफाई दिने गरी फैसला गर्दा लिएका आधारहरुः**<br>**क.** आरोपपत्र अध्ययन गरेर हेर्दा प्रतिवादीले हिनामिना गरेको रकम सबै तिरी बुझाई सकेको भन्ने देखिन्छ, बिगो दावी छैन, के प्रयोजनका लागि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को मागदावी लिएर आरोपपत्र दायर गरेको हो भन्ने खुल्न नसकेको। विगो असुल उपर भै सकेको तथ्य स्थापित भै सकेपछि एउटा विगो रकम छाडेर अर्को विगो रकमलाई हानि नोक्सानीको विगो भन्ने व्यहोरासम्म उल्लेख गरी दायर भएको आरोपपत्र अस्पष्ट र एक आपसमा विरोधाषपुर्ण रहेको।<br>**ख.** प्रतिवादीले हिनामिना गरेको भनिएको बिगो रकम सम्पूर्ण रुपमा तिरी बुझाई सकेकोले सरकारलाई हानि नोक्सानी भएको अवस्था नरहेको। वादी पक्षले नै अव सरकारलाई हानि नोक्सानी छैन भन्ने तथ्य स्वीकार गरी आरोपपत्र दायर गरेको देखिएको।<br>**ग.** बिगोको मागदावी नभएको वेरुजु रकम दाखिला हुनका साथै मिसिल प्रमाणहरुबाट प्रतिवादीका विरुद्धको आरोपदावी बस्तुनिष्ट रुपमा पुष्टी हुन सकेको नदेखिँदा प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउने। | **क.** मिति २०७६।०८।०२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले छत्रदेव गाउँपालिकाका अध्यक्ष श्री लेखनाथ पोखरेल समेतको रोहबरमा तयार भएको सर्जमिन मुचुल्का अनुसार आ.व. ०७३/०७४ को जिन्सी शाखाको जिम्मेवारी स्वयम् कार्यालय प्रमुख रामजी जोशी नै रहेको, सामग्री खरिद आदेश गर्ने, जिन्सी दाखिला फाराम प्रमाणित गर्ने कार्य निज रामजी जोशीबाट नै भएको, निज रामजी जोशीले मिति २०७४।०५।१२ मा रमाना भई जाँदा निजको जिम्मा रहेका जिन्सी लगायतका सामग्रीहरु बरबुझारथ नगरेको, निजले बरबुझारथ नगरी रमाना लिए पश्चात कार्यालयको स्टोर व्यवस्थापन गर्ने उद्देश्यले मिति २०७४।०६।३१ मा जिन्सी खाताको आधारमा स्थलगत रुपमा कार्यालयको भौतिक निरीक्षण गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गरिएको। उक्त प्रतिवेदन अनुसार आ.व. ०७३/०७४ मा खरिद भएका नगर रु ४,४७,५००।०० बमोजिमका सामग्रीहरु सावुद अवस्थामा नरहेको। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बिपरित छत्रदेव गाउँपालिकामा आ.व. २०७३/०७४ मा कोटेशन माग गरी सोझै खरिद बिधिबाट रू.१३,१४,५९०। बराबरको इलेक्ट्रोनिक्स र रू.१६,३०,९३९।- बराबरको फर्निचर सामग्री खरिद गरिएकोमा खरिद भएका सामग्रीहरु मध्ये जम्मा मूल्य रू.४,४७,५००। बराबरका सामग्रीहरु कार्यालयमा नरहेको, उक्त आर्थिक बर्षमा जिन्सी शाखाको जिम्मेवारी स्वयं कार्यकारी अधिकृत रामजी जोशीले नै लिएको, सामग्री खरिद गर्ने र दाखिला प्रतिवेदन प्रमाणित गर्ने कार्य निज रामजी जोशीबाट नै भएको, निज रामजी जोशीले मिति २०७४।०५।१२ मा रमाना भइ जाँदा कार्यालयमा बरबुझारथ नगरेको साथै नगरपालिकाद्वारा खरीद गरिएको सामानमा भ्रष्टाचार भएको भए सामान खरीद गर्न आदेश दिने वा अनुमोदनको निर्णय गर्ने मुख्य निर्णयकर्ता पदाधिकारीले नै पहिलो जिम्मेवारी लिनुपर्ने भनी ने.का.प. २०६८ अंक ६ निर्णय नं ८६३६ मुद्दामा सिद्धान्त प्रतिपादत भएको अवस्थामा प्रतिवादीले सार्वजनिक सम्पत्तीको हिनामिना गरेको पुष्टि हुँदा हुदै मिसिल संलग्न सबुद प्रमाणको उचित मूल्याङ्कन नै नगरी भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण हुँदा वदरभागी रहेको,<br>**ख.** नेपाल सरकार वि. माधव सुवेदी भएको सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दामा (मुद्दा नं. ०७५-CR-२३७३, फैसला मिति२०८०/१०/२३) सर्वोच्च अदालतले " भ्रष्टाचार र बेरुजु निश्चय पनि फरक फरक विषय भएको। बेरुजु भन्नाले आर्थीक कारोबार हेर्दा वा जाँच्दा लेखा परीक्षणले दर्साएको अनियमित कलम, वेरीतसँग भएको वा रीत भाँत नमिलेको, रुजु गर्दा नमिलेको, रुजु नगरिएको वा नभएको भन्ने शब्दकोशमा अर्थ्याइएको। सो परिभाषाबाट नै आर्थिक कारोवारमा आर्थिक कार्यविधि नमिलेको कारणबाट लेखा परीक्षणले औंल्याउने अनियमिततालाई सम्बोधन गर्न खोजेको देखिएको। यस्तो बेरुजूमा कार्यविधि सम्म नमिलेको भई वदनियत तत्वको स्थान नरहेको। प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीले आर्थिक कार्यविधिगत त्रुटी गरेको मात्र नभई उठाएको राजश्व लामो समय सम्म बैंक दाखिला नगरी व्यक्तिगत प्रयोजनको लागि लिई खाएको अवस्था देखिएको। सो विषयमा उजुरी परी अनुसन्धान भएपछि मात्र कारवाहीबाट बच्नको लागि रकम दाखिला गरेकोबाट नै निजको बदनीयत स्पष्ट देखीन आउँछ।" भनी सिद्धान्त प्रतिपादन भएकोमा प्रतिवादी रामजी जोशीले कार्यालयको जिन्सी खातामा आम्दानी रहेको तर भौतिक रुपमा नभेटिएको भनिएका जिन्सी मालसामान बराबरको रकम रु. ४,४७,५००। (चार लाख सतचालिस हजार पाँच सय मात्र) मिति २०७९/०२/१८ गते कोष तथा लेखा नियन्त्रक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यालय, अर्घाखाँचीको राष्ट्रिय वाणिज्य बैंक, सन्धीखर्कमा रहेको खाता नं. १०००१००२०००१०००० राजस्व शिर्षक नं. १५१११ मा जम्मा गरेको बैंक भौचर संलग्न रहेको देखिंदा निजले सामान खरिदै नगरी वा सामान हिनामिना गरी बिल, भरपाई बनाई खरिद आदेश तथा दाखिला रिपोर्ट तयार गरी सार्वजनिक सम्पत्तिको हिनामिना गरेको उल्लिखित सवूद प्रमाणबाट स्पष्ट देखिदा देखिदै प्रमाणको उचित मूल्याङ्कन नगरी भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण हुँदा वदरभागी रहेको। |